# आर्थिक ऐन, २०७९

खुम्बु पासाङल्हामु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौरीखर्क, सोलुखुम्बु

प्रमाणीकरण गर्नेको:
नाम, थर: मिङमा छिरी शेर्पा
पद: अध्यक्ष
प्रमाणीकरण मिति: २०७९ असार १० गते

# आर्थिक ऐन, २०७९

(खुम्बु पासाङल्हामु गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन)

प्रस्तावनाः

खुम्बु पासाङल्हामु गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर, दस्तुर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम खुम्बु पासाङल्हामु गाउँ सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस ऐनको नाम "खुम्बु पासाङल्हामु गाउँपालिकाको आर्थिक ऐन, २०७९" रहेको छ।
(२) यो ऐन मिति २०७९ श्रावण १ गतेदेखि प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः

(१) "कर" भन्नाले यो ऐन वा प्रचलित कानून बमोजिम लागेको वा लाग्ने कर सम्झनुपर्छ।
(२) "करदाता" भन्नाले यो ऐन वा प्रचलित कानून बमोजिम कर तिर्नु पर्ने कर्तव्य भएको व्यक्ति सम्झनुपर्छ।
(३) "गाउँसभा" भन्नाले खुम्बुपासाङल्हामु गाउँपालिकाको गाउँसभालाई सम्झनुपर्छ।
(३) "गाउँकार्यपालिका" भन्नाले खुम्बुपासाङल्हामु गाउँपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ।
(४) "गाउँपालिका" भन्नाले खुम्बुपासाङल्हामु गाउँपालिकालाई सम्झनुपर्छ।

३. **सम्पति करः**गाउँपालिकाको क्षेत्र भित्र अनुसुचि (१) बमोजिम एकिकृत सम्पति कर/घर जग्गा कर लगाईने र असुल उपर गरिनेछ।

४. **भूमिकर (मालपोत)** :गाउँपालिकाको क्षेत्र भित्र अनुसुचि (२) बमोजिम भूमि कर (मालपोत) लगाउने तथा असुल उपर गरिनेछ।

५. **घरबहाल कर** :गाउँपालिकाको क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा अनुसुचि (३) बमोजिम घर बहाल करलगाई ने तथा असुल गरिनेछ।

६. **व्यवसाय करः** गाउँपालिकाको क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा अनुसुचि(४) बमोजिम व्यवसाय कर लगाईने र असुल उपर गरिनेछ।

७. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसुचि (५) मा उल्लेख भएबमोजिम विज्ञापन कर लगाईने तथा असुल उपर गरिनेछ।

८. **मनोरञ्जनकरः** गाउँपालिकाको क्षेत्रभित्र हुने मनोरञ्जनात्मक क्रियाकलापमा अनुसुचि (६) बमोजिम मनोरञ्जन कर लगाइने तथा असुल उपर गरिनेछ।

९. **बहाल बिटौरी शुल्कः** गाउँपालिकाको क्षेत्र भित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाटबजार वा अन्य सार्वजनिक स्थान व्यवसायिक प्रयोग गरेमा अनुसुचि (७) उल्लेख भए बमोजिम बहाल बिटौरी शुल्क लगाईने र असुल उपर गरिनेछ।

## अनुसूचीहरु

### अनुसूची १

### ऐनको दफा ३ सँग सम्बन्धित

### (सम्पत्ति कर)

१. यस गाउँपालिकाको क्षेत्रभित्र रहेको गोठ छाप्रो बाहेक प्रत्येक घर संरचनाको स्वयम घोषित मूल्याङ्कनका आधारमा वार्षिक रुपमा रु ०.१% ले हुन आउने रकम मात्र असुल उपर गरिनेछ।

२. एउटै कित्ता भित्र रहेको र सँगै जोडिएको  घर संरचनाले एउटा घरलाई जनाउँनेछ।

३.कानुनी रुपमा एकिकृत सम्पती कर लगाउनु पर्ने अवस्थामा हाललाई सम्पति कर र मालपोत कर जोडी हुन आउने आधारमा लिन सकिनेछ।

### अनुसूची(२)

### (ऐनको दफा ४ सँग सम्बन्धित)

### भूमि कर (मालपोत)

१. यस गाउँपालिकाको क्षेत्रभित्र रहेको सरकारी जग्गा, धार्मिक संघ संस्था, सामुदायिक विद्यालय, सामुदायिक अस्पताल बाहेक देहायमा बर्गिकरण गरिएका जग्गाहरु  बाट मात्र देहाय मा उल्लिखित दर मा भूमि कर (मालपोत) असुल उपर गरिनेछः

| | | | |
|---|---|---|---|
| (क) अब्बल प्रति रोपनी | रु.४५।– | (ख) दोयम प्रति रोपनी | रु.४०।– |
| (ग) सिम प्रति रोपनी | रु.३०।– | (घ) चाहार प्रति रोपनी | रु.२५।– |
| (ङ) पाँचौ तह प्रति रोपनी | रु.१५।– | | |

### अनुसूची(३)

### (ऐनको दफा ५ सँग सम्बन्धित)

घर बहाल कर

१. यस गाउँपालिका क्षेत्रभित्र संस्थागत रुपमा भवन, घर, पसल, ग्यारेज, गोदाम टहरा, छप्पर जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएको भए सम्झौता रकमको १० प्रतिशत घरजग्गा बहाल कर लगाईने र असुल उपर गरिनेछ ।

२. घर बहालमा दिने सम्झौता पत्रको नमूना गाउँपालिका मार्फत वडा कार्यालयहरुबाट उपलब्ध गराईनेछ तथा सम्झौताको समयमा सम्बन्धित वडाको वडाध्यक्ष वा निजले तोकेको वडा सदस्य साँक्षी बसेको हुनुपर्नेछ।

३. यो घरबहाल कर घर धनीलाई घरभाडा रकम बुझाएको समयमा सम्बन्धित वडा कार्यालयमा जम्मा गर्नु पर्नेछ ।

अनुसूची(४)
(ऐनको दफा ६ सँग सम्बन्धित)

व्यवसाय कर

१. यस गाउँपालिकाका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा देहाय बमोजिमका व्यवसाय कर लगाई असुल उपर गरिनेछ ।

| क.सं. | व्यवसायको दर्ता वापत वार्षिक | व्यवसाय दर्ता वापत वार्षिक शुल्क | नवीकरण शुल्क |
|---|---|---|---|
| १ | मदिरा जन्य पसल | २,०००।०० | १,५००।०० |
| २ | किराना पसल | २,०००।०० | १,५००।०० |
| ३ | होटल एण्ड लज(१० वटा भन्दा कम कमन रूम भएमा) | २,५००।०० | २,०००।०० |
| ४ | होटल एण्ड लज(१० देखि २० वटा कमन रूम भएमा) | ४,०००।०० | ३,०००।०० |
| ५ | होटल एण्ड लज(२० वटा भन्दा बढी रूम भएमा) | ५,०००।०० | ४,०००।०० |
| ६ | होटल एण्ड लज(१० वटा भन्दा कम एटयाच बाथरूम भएमा) | ५,०००।०० | ३,०००।०० |
| ७ | होटल एण्ड लज(१० देखि २० वटा एटयाच बाथरूम भएमा) | ६,०००।०० | ४,०००।०० |
| ८ | होटल एण्ड लज (२० वटा भन्दा बढी एटयाच बाथरूम भएमा) | ७,०००।०० | ५,०००।०० |
| ९ | रिसोर्ट | १०,०००।०० | ८,०००।०० |
| १० | चेन रिसोर्ट | १५,०००।०० | १२,०००।० |
| ११ | जनरल स्टोर्स | ५,०००।०० | ३,०००।०० |
| १२ | पुस्तक पसल | १,०००।०० | ५००।०० |
| १३ | कपडा पसल | २,०००।०० | १,०००।०० |
| १४ | पेन्टिङ पसल ( आर्ट ग्यालरी) | २,०००।०० | १,०००।०० |
| १५ | औषधि पसल | ३,०००।०० | २,०००।०० |
| १६ | सुन चाँदी पसल | ३,०००।०० | २,०००।०० |
| १७ | सैलुन र ब्यूटिपार्लर | ३,०००।०० | २,०००।०० |
| १८ | ट्रेकिङ्ग गियर शप | ५,०००।०० | ३,०००।०० |
| १९ | बार र पब | ४,०००।०० | २,०००।०० |
| २० | मनि एक्सचेन्ज/ट्रान्सफर | ३,०००।०० | २,०००।०० |
| २१ | पुल हाउस | २,०००।०० | १,०००।०० |
| २२ | स्नोकर हाउस | ४,०००।०० | २,०००।०० |
| २३ | क्याफे रेष्टुरेण्ट बेकरी | ४,०००।०० | २,०००।०० |
| २४ | प्लाष्टिकजन्य बोटल उत्पादन | ५०,०००।०० | ३०,०००।० |
| २५ | मिनिरल वाटर उत्पादन | १५,०००।०० | १०,०००।० |

| | | | |
|---|---|---|---|
| २६ | संस्थागत अस्पताल | २०,०००।०० | १०,०००।०० |
| २७ | इलेक्ट्रोनिक्स पसल | ५,०००।०० | ३,०००।०० |
| २८ | बैंक | २०,०००।०० | १०,०००।०० |
| २९ | बहुउद्देश्यीय शहकारी | १०,०००।०० | ५,०००।०० |
| ३० | संस्थागत विद्यालय | ५,०००।०० | ३,०००।०० |
| ३१ | होस्टेल | ५,०००।०० | २,०००।०० |
| ३२ | ट्युसन सेन्टर | २,०००।०० | १,०००।०० |
| ३३ | मसाज, स्पा, मोरञ्जन सेन्टर | ३,०००।०० | २,०००।०० |
| ३४ | टयाटु | ३,०००।०० | २,०००।०० |
| ३५ | म्यूजियम | ५,०००।०० | ३,०००।०० |
| ३६ | हाइभिजन हल | ३,०००।०० | २,०००।०० |
| ३७ | साहसिक खेलकुद | २०,०००।०० | |
| ३८ | प्रति हेलिकप्टर वार्षिक | २००,०००।०० | |
| ३९ | कृषि सहकारी | २,०००।०० | १,०००।०० |
| ४० | बचत तथा ऋण सहकारी | ५,०००।०० | ३,०००।०० |
| ४१ | धुप उद्योग | ५,०००।०० | ३,०००।०० |
| ४२ | जडिबुटी उद्योग | ५,०००।०० | ३,०००।०० |
| ४३ | स्पोर्टस तथा स्टेशनरी | ३,०००।०० | २,०००।०० |
| ४४ | ट्राभल एण्ड ट्रेकिङ | ५,०००।०० | ३,०००।०० |
| ४५ | इन्टरनेट सर्भिस प्रा.लि. | २०,०००।०० | १०,०००।०० |
| ४६ | साउना | ४,०००।०० | २,०००।०० |
| ४७ | लाउण्ड्री | २,०००।०० | १,०००।०० |
| ४८ | गिफ्ट शप तथा सोभिनियर | ५,०००।०० | ३,०००।०० |
| ४९ | क्याम्पिङ सञ्चालन | ७,०००।०० | ५,०००।०० |
| ५० | मासु पसल | ३,०००।०० | २,०००।०० |
| ५१ | घरेलु उद्योग | ३,०००।०० | २,०००।०० |
| ५२ | भाँडा पसल | ३,०००।०० | १,०००।०० |
| ५३ | मिनी मार्ट | ५,०००।०० | ३,०००।०० |
| ५४ | हार्डवियर | ५,०००।०० | ३,०००।०० |
| ५५ | ग्याँस डिपो (इन्धन डिपो) | ३,०००।०० | २,०००।०० |
| ५६ | काठ व्यापार तथा फर्निचर उद्योग | १०,०००।०० | ५,०००।०० |

| | | | |
|---|---|---|---|
| ५७ | आयल स्टोर | १०,०००।०० | ५,०००।०० |
| ५८ | मझौला उद्योग | ३,०००।०० | १,५००।०० |
| ५९ | अटो मोबाइल्स वर्कशप | ३,०००।०० | १,५००।०० |
| ६० | यात्रु वाहक सवारी साधन | | |
| | क) ९ सिटेसम्म | ३,०००।०० | १,५००।०० |
| | ख) ९ सिट भन्दा माथि | ५,०००।०० | २,५००।०० |

२. यस क्षेत्र भित्र सञ्चालन गर्नु पूर्व तथा सञ्चालन भई रहेका कुनै पनि व्यवसाय गाउँपालिकाको कार्यालयमा दर्ता तथा नवीकरण भई प्रमाण पत्र लिएर मात्र व्यवसाय सञ्चालन गर्नुपर्नेछ।

अनुसूची (५)
(ऐनको दफा ७ सँग सम्बन्धित)

विज्ञापन कर

१. यस गाउँपालिकाको क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवाको प्रचार प्रसार बापत होर्डिङ बोर्ड लगायतका विज्ञापन सामग्री सार्वजनिक क्षेत्रमा राख्दा गाउँपालिका र अन्य सम्बन्धित निकायको स्विकृति लिनुपर्नेछ, साथै वार्षिक रु. १,०००।- वा प्रति वर्ग फिट रु. ५०।-को दरले जुन बढी हुन्छ सो रकम गाउँपालिकाको कार्यालयमा दाखिला गर्नुपर्नेछ ।

अनुसूची (६)
(ऐनको दफा ८ सँग सम्बन्धित)

मनोरञ्जन कर

१. यस गाउँपालिकाका क्षेत्रभित्र जुनसुकै प्रयोजनको लागि मनोरन्जनात्मक कार्यक्रम सञ्चालन गर्नु पूर्व गाउँपालिकाको स्विकृति लिनुपर्नेछ ।टिकट बिक्री गर्ने सन्दर्भमा कुल बिक्री रकमको १५ प्रतिशत गाउँपालिकाको कार्यालयमा जम्मा गर्नुपर्नेछ ।

अनुसूची (७)
(ऐनको दफा ९ सँग सम्बन्धित)

बहाल बिटौरी शुल्क

१. यस गाउँपालिकाका क्षेत्रभित्र सार्वजनिक स्थलमा लाग्ने हाट बजारमा रहने स्थानीय उत्पादन बाहेकको प्रत्येक पसलबाट रू. २००।-प्रति हप्ता तथा अन्य निजी क्षेत्रमा लाग्ने हाटबजार बाट प्राप्त हुने कुल आयको १० प्रतिशत गाउँपालिकाको कार्यालयमा जम्मा गर्नुपर्नेछ ।

२. यस गाउँपालिका क्षेत्र भित्र कुनै पनि किसिमको सेवा प्रदायकले कुनै पनि किसिमको टावर राख्नु परेमा गाउँपालिका तथा सम्बन्धित निकायबाट पूर्व स्विकृति लिएर मात्र सञ्चालन गर्नुपर्नेछ। यसको साथै नयाँ स्थापना हुने तथा साविकदेखि सञ्चालनमा रहेको प्रत्येक स्थानको टावरले वार्षिक रुपमा रु.६०,०००।— गाउँपालिकालाई तिर्नुपर्नेछ ।

अनुसूची (८)

(ऐनको दफा १० सँग सम्बन्धित)

र्किङ शुल्क

अनुसूची (९)

(ऐनको दफा ११ सँग सम्बन्धित)

ट्रेकिङ, कायाकिङ, क्यानोइङ, बन्जी जम्प, जिपलाईन र ऱ्याफ्टीङ शुल्क

अनुसूची (१०)

ऐनको दफा १२ सँग सम्बन्धित

सेवा शुल्क दस्तुर

१. यस गाउँपालिकाद्वारा प्रदान गरिने सेवा वापत देहाय बमोजिमको शुल्क लाग्नेछ ।

क. गरिबी, छात्रवृत्ति तथा नेपाली नागरिकता प्रमाण पत्र र राहत सिफारिस बाहेक अन्य जुनसुकै किसिमको सिफारिस वापत रू. २००।— लाग्नेछ ।

ख. सम्पत्ति मूल्याङ्कन तथा आम्दानी प्रमाणित वापत कुल रकमको ०.१ प्रतिशत लाग्नेछ । तर उच्च शिक्षा हाँसिल गर्न वा उपचारका लागि विदेश जानेहरूलाई निःशुल्क सेवा उपलब्ध गराईनेछ ।

ग. जुन सुकै प्रमाणित वापत रू. २००।—लाग्नेछ ।

घ. जुनसुकै किसिमको फारम वापत रू. २००।— लाग्नेछ ।

ङ गाउँपालिकाले व्यक्तिगत प्रयोजनको लागि अमिन सेवा माग गरेमा देहायको सेवा शुल्क लिइ अमिनको सेवा प्रदान गरिनेछ ।

| | |
|---|---|
| १) १ रोपनीसम्म | रु १०००। |
| २) १ देखि ५ रोपनीसम्म | रु २०००। |
| ३) ५ देखि १० रोपनीसम्म | रु ४०००। |
| ४) १० रोपनीदेखि २० रोपनीसम्म | रु ६०००। |

५) २० रोपनीदेखि माथि प्रति रोपनी रु ५०० का दरले थप हुँदै जानेछ ।

तर दुई वा दुई भन्दा बढी सिमाना आसपासमा जोडिएका कित्ता भएमा प्रत्येक कित्ताको राजश्व रकम छुट्टा छुट्टै कित्ताको राजश्व हिसाब गरी लिईनेछ ।

| | |
|---|---|
| च) संस्था दर्ता | रु १०००.०० |
| छ) संस्था नवीकरण | रु ५००.०० |
| ज) ५ कि.वा. सम्मको मिनी हाईड्रो निर्माण | रु १०००.०० |
| झ) ५ कि.वा. देखि १०० कि.वा. सम्मको मिनी हाईड्रो निर्माण | रु २०००.०० |
| ञ) १०० कि.वा. देखि १००० कि.वा. सम्मको मिनी हाईड्रो निर्माण | रु ५०००.०० |

अनुसूची (११)

(ऐनको दफा १३ सँग सम्बन्धित)

पर्यटन शुल्क

१. यस गाउँपालिका क्षेत्र भित्र प्रवेश गर्ने प्रत्येक विदेशी नागरिकबाट प्रत्येक पटक प्रवेश गर्दा पर्यटक प्रवेश शुल्क वापत रू २०००।- असुल गरिने छ ।